annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५४, पृष्ठ ८ | काठमाडौं, मंगलबार ९ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष नवमी नेपाल संवत् ११४६ | TUESDAY, JUNE 23, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## रास्वपा महाधिवेशन:

# प्रतिनिधि भन्छन्– ‘विधि मिचिए संघर्ष गर्छौं’



चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशन जारी छ। स्थापनाको ४ वर्षमै करिब दुईतिहाइको जनमत प्राप्त पार्टीलाई नीति र नेतृत्वमा सबल बनाउनकै लागि महाधिवेशनमा करिब साढे ४ हजार प्रतिनिधि चितवन आएका छन्। महाधिवेशनमा प्रतिनिधिहरूले नीति, सिद्धान्त र संगठनलाई स्पष्ट दिशा दिने नेतृत्व चयनको अपेक्षा गरेका छन्।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*
**अनिल ढकाल** | *चितवन*

समाचार पृष्ठ २

# ग्रे लिस्टमा नेपाल यथावत्

### सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी रणनीतिक कमजोरी अझै सुधार गर्न बाँकी

**सुनिता कार्की** | *काठमाडौं*

वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को ‘ग्रे लिस्ट’मा नेपाल यथावत् रहेको छ। फ्रान्सको पेरिसमा सम्पन्न एफएटीएफको पूर्ण बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (एएमएल/सीएफटी) सम्बन्धी रणनीतिक कमजोरी अझै पूर्णरूपमा सुधार हुन बाँकी रहेको निष्कर्षसहित निगरानी सूचीमै राख्ने निर्णय गरेको हो। नेपाल सरकारले भने तोकिएको दुईवर्षे कार्ययोजनाअन्तर्गत १५ बुँदे सुधार कार्यक्रम कार्यान्वयन भइरहेको र आगामी ८ महिनाभित्र खैरोसूचीबाट बाहिरिने लक्ष्यका साथ गृहकार्य तीव्र पारिएको जनाएको छ।

नेपाल फेब्रुअरी २०२५ मा एफएटीएफको खैरोसूचीमा परेको थियो। यसअघि पनि नेपाल सन् २००८ देखि २०१४ सम्म उक्त सूचीमा परेको थियो।

गत जुन महिनामा एफएटीएफ र नेपाल सरकारका प्रतिनिधिबीच भएको प्रत्यक्ष बैठकपछि पनि नेपाल सूचीमै यथावत् रहने भएको हो। नेपाल सरकार र नेपाल राष्ट्र बैंकका प्रतिनिधि सम्मिलित टोलीले एफएटीएफसँग नेपालको कार्ययोजना कार्यान्वयनको प्रगतिबारे जानकारी गराएको थियो।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले नेपाललाई सुरुमै दुई वर्षको समयसीमा दिइएको र सोहीअनुसार गृहकार्य भइरहेकाले अहिले सूचीमै रहनु अस्वाभाविक नभएको बताए। उनका अनुसार नेपालले पूरा गर्नुपर्ने १५ वटा मुख्य कार्ययोजनामध्ये केही पूर्ण तथा केही आंशिक रूपमा कार्यान्वयन गरिसकेको छ। ‘समग्र सुधारको अवस्था गेटिङ इम्प्रुभ्ड छ,’ उनले भने।

पौडेलले विस्तृत प्राविधिक मूल्यांकन तथा प्रगतिको अनुगमन नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइले गरिरहेको र निर्धारित समयसीमाभित्रै नेपाललाई खैरोसूचीबाट बाहिर ल्याउने लक्ष्यका साथ आवश्यक तयारी तीव्र पारिएको बताए।

एफएटीएफले आफ्नो वेबसाइटमा नेपालले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण प्रणाली सुदृढ बनाउन निरन्तर प्रयास गरिरहेको उल्लेख गरेको छ। सन् २०२५ फेब्रुअरीमा नेपालले उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएपछि आतंककारी वित्तीय लगानी र आमविनाशकारी हतियारसँग सम्बन्धित वित्तीय गतिविधि नियन्त्रणमा केही सकारात्मक प्रगति भएको एफएटीएफको निष्कर्ष छ।

रणनीतिक कमजोरी पूर्णरूपमा सुधार गर्न नेपालले कार्ययोजनाअनुसार थप काम गर्नुपर्ने एफएटीएफको सुझाव छ। विशेषगरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्तीय लगानीका जोखिमबारे स्पष्ट बुझाइ विकास गर्नुपर्ने, वाणिज्य बैंक, उच्च जोखिमयुक्त सहकारी, क्यासिनो, बहुमूल्य धातु तथा पत्थर व्यवसायी र घरजग्गा क्षेत्रको जोखिममा आधारित सुपरिवेक्षणलाई प्रभावकारी बनाउनुपर्ने उल्लेख गरिएको छ।

एफएटीएफका अनुसार वित्तीय समावेशीकरणमा असर नपर्ने गरी अवैध हुन्डी तथा गैरकानुनी वित्तीय स्थानान्तरण सञ्चालन गर्नेहरूको पहिचान र कारबाहीलाई थप प्रभावकारी बनाउनुपर्नेछ। साथै, सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने निकायहरूको क्षमता र समन्वय अभिवृद्धि गर्ने, अनुसन्धान तथा अभियोजनको संख्या बढाउने र अपराधबाट आर्जित सम्पत्ति तथा साधनहरूको पहिचान, रोक्का, जफत र फिर्ता प्रक्रियालाई जोखिमको प्रकृतिअनुसार प्रभावकारी बनाउने दायित्व पनि नेपालले पूरा गर्नुपर्नेछ।

FATF

### नेपालले पूरा गर्नुपर्ने मुख्य कामहरू

- प्रमुख सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्तीय लगानी (एमएल/टीएफ) जोखिमबारे बुझाइ अझ सुदृढ बनाउने ।
- वाणिज्य बैंक, उच्च जोखिमयुक्त सहकारी संस्था, क्यासिनो, बहुमूल्य धातु तथा पत्थर व्यवसायी र घरजग्गा क्षेत्रको जोखिममा आधारित सुपरिवेक्षण सुधार गर्ने ।
- वित्तीय समावेशीकरणमा बाधा नपर्ने गरी अवैध हुन्डी तथा एमभीटीएस प्रदायकहरूको पहिचान र कारबाही प्रभावकारी बनाउने ।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने निकायहरूको क्षमता र अन्तरनिकाय समन्वय बढाउने ।
- सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान तथा अभियोजनको संख्या वृद्धि गर्ने ।
- अपराधबाट आर्जित सम्पत्ति तथा त्यसका साधनहरूको पहिचान, रोक्का, जफत र फिर्ता प्रक्रियालाई जोखिमअनुसार प्रभावकारी बनाउने ।
- आतंकवाद तथा आमविनाशकारी हतियारसँग सम्बन्धित वित्तीय लगानी नियन्त्रणमा प्राविधिक अनुपालन थप सुदृढ गर्ने ।

# सम्पत्ति शुद्धीकरण मुद्दामा एमाले उपाध्यक्ष पौडेल पक्राउ

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ स्थित शुभ होटलको ‘राराहल’ मा नेकपा (एमाले)का नेता तथा कार्यकर्ताहरू खचाखच थिए। पार्टीका उपाध्यक्ष एवं संसदीय दलका नेता रामबहादुर थापाको नेतृत्वमा गठन भएको कार्यदलले निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठनसम्बन्धी छलफल तथा सुझाव संकलन कार्यक्रम आयोजना गरेको थियो।



नेकपा (एमाले)का केन्द्रीय सचिव एवं कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कर्णालीबाट प्रतिनिधित्व गर्ने केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य, प्रदेश तथा जिल्लाका पदाधिकारीहरूसहित अगुवा नेता तथा कार्यकर्ताहरूको सहभागिता थियो।

» बाँकी पृष्ठ ६

# राहदानी छपाइमा १० अर्बभन्दा बढीको अनियमितता

### विभागका महानिर्देशक अर्यालसहित १६ जनाविरुद्ध मुद्दा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

राहदानी विभागको विद्युतीय राहदानी छपाइ तथा व्यवस्थापनसम्बन्धी ठेक्का प्रक्रियामा करिब १० अर्ब रुपैयाँभन्दा बढीको अनियमितता भएको आरोपसहित विशेष अदालतमा मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १० कर्मचारीलाई प्रतिवादी बनाएको छ। अख्तियारले दुई कम्पनीका ४ जना विदेशी र २ जना नेपाली प्रतिनिधिविरुद्ध पनि मुद्दा चलाएको छ।

राहदानी छपाइ प्रकरणमा अख्तियारद्वारा उनीहरूविरुद्ध १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४ सय ७७ रुपैयाँ बिगो दाबी गरिएको छ। अख्तियारले विभागका निर्देशक (सूचना प्रविधि) सुनीलकुमार केसी, तत्कालीन निर्देशक शत्रुध्वनप्रसाद शर्मा पोखरेल, तत्कालीन निर्देशक रवीन्द्र राजभण्डारी, तत्कालीन लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपिन प्रसाईं, तत्कालीन शाखा अधिकृत सोमेश थापा, परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानुन) राजाराम दाहाल, तत्कालीन उपसचिव (लेखा) भेषप्रसाद भुर्तेल र तत्कालीन उपसचिव (कानुन) पुष्करराज नेपाललाई प्रतिवादी बनाएको छ। विभागका महानिर्देशक अर्याललाई अधिकतम १७ वर्ष र अन्य कर्मचारीलाई अधिकतम १४ वर्षसम्म कैद सजायको मागदाबी गरिएको छ।

उनीहरूविरुद्ध १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४ सय ७७ रुपैयाँ बिगो दाबी गरिएको छ। साथै उनीहरूविरुद्ध खर्च भएको देखिएको रकम १८ करोड ४४ लाख ८ हजार ८ सय ८७ रुपैयाँ असुलका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको मागदाबी गरिएको छ। यो दफामा १ वर्षसम्मको कैद तथा ५० हजार रुपैयाँसम्मको थप जरिवानाको व्यवस्था छ।

जर्मन कम्पनी र त्यसका नेपालस्थित प्रतिनिधिलाई पनि प्रतिवादी बनाइएको छ। म्युहलबाउर आईडी सर्भिस एवं उक्त कम्पनीका प्रमुख जेरार्ड माउरे, पाभले रकिक र मणिन्द्रराज मल्ल तथा भेरिडोज एवं उक्त कम्पनीका प्रमुख फाविओला बेलेर्सेइम, फ्लोरिन पाक्युलिन र सिद्धार्थ थापालाई पनि प्रतिवादी बनाइएको छ। म्युहलबाउर आईडी सर्भिस एवं उक्त कम्पनीका प्रमुख जेरार्ड माउरे, पाभले रकिक र मणिन्द्रराज मल्लविरुद्ध १ अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ रुपैयाँ बिगोसहितकै कैद सजायको मागदाबी गरिएको छ।



राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल

त्यस्तै भेरिडोज एवं उक्त कम्पनीका प्रमुख फाविओला बेलेर्सेइम, फ्लोरिन पाक्युलिन र सिद्धार्थ थापाविरुद्ध ८ अर्ब २२ करोड ३५ लाख ४ हजार रुपैयाँ बिगोसहितको कैद सजायको मागदाबी छ।

अख्तियारको अनुसन्धानमा राहदानी छपाइका लागि आवश्यक बोलपत्रको प्रारम्भिक चरणदेखि नै गम्भीर अनियमितता भएको देखिएको छ। राष्ट्रसेवक पदाधिकारी/कर्मचारी तथा आपूर्तिकर्ता कम्पनीका प्रतिनिधिहरूको मिलेमतोमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ विपरीत हुने गरी बोलपत्रका सर्त तथा मापदण्ड परिवर्तन गरिएको आरोपपत्रमा उल्लेख छ। स्वीकृत भइसकेको सर्त तथा मापदण्डविपरीत हुने गरी मूल्यांकन प्रक्रियामा समेत बदनियतपूर्ण रूपमा हेरफेर गरी निश्चित कम्पनीलाई ठेक्का दिलाइएको पनि पाइएको अख्तियारले जनाएको छ।

आरोपित कम्पनीका प्रतिनिधिको मिलेमतोमा प्राविधिक तथा वित्तीय मूल्यांकन गलत ढंगले गरिएको र त्यसकै आधारमा सम्झौता गरी भुक्तानीसमेत गरिएको आरोपपत्रमा उल्लेख छ।

राहदानी छपाइ प्रकरणमा नेपाल सरकार तथा राहदानी विभागलाई करिब १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४ सय ७७ रुपैयाँ १ पैसा बराबरको हानि नोक्सानी भएको पाइएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।